"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७७/०७८
च.नं. ६७७१

## बिज्ञापन कर संकलनका लागि बोलपत्र आव्हानका सूचना
(प्रथम पटक प्रकाशित मिति २०७८/३/२५)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम दमक नगरपालिकाको आर्थिक ऐन, २०७८ अनुसार यस नगरपालिकाले उठाउन पाउने आ.व. २०७८/०७९ देखि ३ आर्थिक बर्षका लागि बिज्ञापन कर संकलन गर्ने कार्य बोलपत्र प्रकृयाबाट बन्दोवस्त गर्न भएको निर्णय अनुसार ईच्छुक फर्म, कम्पनीहरुले तपशिलमा उल्लेखित सेवा शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना गरिएको छ ।

तपसिल

| ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मु.अ.कर सहित रु.) | जमानत | बोलपत्र पत्र दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| DMK/JPA/ADV/50/2 077/78 | बिज्ञापन कर संकलन | १८,९१,०५५/- | धरौटी ५% | रु.३०००/- | पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म | प्रत्येक वर्ष कवोल अंकको आधारमा १०% बृद्धि गरी ठेकका रकम कायम हुनेछ । |

शर्तहरु :-

१. बोलपत्र पेश गर्दा फर्म वा कम्पनीले मु.अ.कर दर्ता प्रमाण पत्र, स्थानीय स्तरको भए व्यवसाय दर्ता प्रमाण पत्र र सम्वन्धित निकायमा दर्ता भएको कागजातहरु सहित निर्धारीत बोलपत्र फारम भरी तोकिएको समय सीमा भित्र बुझाई सक्नु पर्नेछ ।

२. पेश भएका शिलवन्दी बोलपत्रहरु तोकिएको समयमा खोलिने छ । सो दिन बिदा परेमा सो को भोलीपल्ट सोही समयमा खोलिने छ । बोलपत्र खोल्दा बोलपत्रदाता वा प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाताको तर्फवाट उपस्थित नभएका कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट गरी भर्नु पर्नेछ । अंक र अक्षेरमा फरक परेमा अक्षेरमा लेखिएकोलाई मान्यता दिईनेछ । बोलपत्र फारममा केरमेट गरी सच्याईएको भए बोलपत्रदाताले सहीछाप गरेको हुनु पर्नेछ ।

४. दमक नगरपालिका क्षेत्र भित्र रहेका र राखिने बिज्ञापन प्रयोजनका सामाग्रीहरुको बिज्ञापनको दर दमक नगरापालिकाको स्वीकृत आर्थिक ऐन, २०७८ बमोजिम हुनेछ । यो दरको परिधि भित्र रही सम्फौता अवधिभरको मात्र बिज्ञापन कर संकलन कार्य गर्न पाईने छ । तोकिएको कर वाहेक अन्य कुनै किसिमको कर दस्तुर, सेवा शुल्क लिन पाईने छैन ।

५. सम्वन्धित निकायहरुवाट अनुगमन गर्दा अनाधिकृत रकम असुल गरेको प्रमाणित भएमा नियमानुसार कारवाही गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७७/०७८
च.नं. ६८३१

६. कर संकलन गर्दा प्रयोग गर्ने रसिद दमक नगर कार्यपालिकाको कार्यालयको छाप लगाएको रसिदमात्र प्रयोग गर्न पाईने छ ।

७. बोलपत्र फारम पेश गर्दा कवोल गरेको अंकको ५% रकम जमानत स्वरुप यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक, दमकमा रहेको खाता नं. २१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयका नाउँमा जारी गरेको १२० (एक सय वीस) दिनसम्म म्याद भएको बिडवण्ड बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

८. यस कार्यालयलाई रकम बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति वा फर्म, कम्पनीहरुले त्यस्तो बाँकी बक्यौता रहेको रकम नबुझाएसम्म बोलपत्र फारम बुझाउन पाउने छैन ।

९. बोलपत्रदाताले खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना र बोलपत्रको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ ।

१०. बोलपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य सो को क्रमश भोलीपल्ट हुनेछ ।

११. शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलवन्दी बोलपत्र माथि करवाही हुने छैन ।

१२. ठेक्का सम्वन्धमा कुनै समस्या सृजना भएमा वा कार्यालय र ठेकेदार वीच कुनै असमझदारी भएमा दमक नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

१३. बोलपत्र स्वीकृत भएको रकम एकमुष्ठ बुझाएमा बढिमा स्वीकृत ठेक्का अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ । एकमुष्ठ रकम बुझाउदा मु.अ.कर सहितको रकम बुझाउनु पर्नेछ ।

१४. बोलपत्रदाताले ठेक्काको रकम एकमुष्ठ बुझाउदा बाहेकको अवस्थामा किस्तावन्दीमा बुझाउन सक्नेछ । यसरी बुझाउदा पहिलो किस्ता सम्झौता गर्नु पूर्व, दोश्रो किस्ता २०७८ कार्तिक महिना भित्र र तेश्रो किस्ता २०७८ फागुन महिना भित्र बुझाई सक्नु पर्नेछ । प्रत्येक किस्ता बुझाउदा मु.अ.कर सहितको रकम बुझाउनु पर्नेछ ।

१५. ठेक्का अवधि आ.व. २०७८/०७९ देखि ३ आर्थिक बर्षको रहने छ तर सम्झौता प्रत्येक आर्थिक बर्षको असार महिना भित्र नविकरण गर्नु पर्नेछ । सम्झौता नविकरण गर्दा बुदा नं. १३ वा १४ बमोजिमको कवोल अंकको रकम बुझाउनु पर्नेछ ।

१६. माथि उल्लेखित शर्तहरु वाहेकको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०७४, दमक नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, दमक नगरपालिकाको आर्थिक ऐन, २०७८, १ नं. प्रदेशको आर्थिक ऐन, २०७८ तथा दमक नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् । ठेक्का सम्बन्धी अन्य शर्त तथा प्रकाशित सूचनामा उल्लेख गरिएको छ ।

१७. यस सम्वन्धमा थप बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

..........................
(गणेश प्रसाद तिम्सिना)
प्रमुख प्रशासकिय अधिकृत